नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. न.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८२ भाद्र ११ गते (तदनुसार २७ अगष्ट २०२५) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग नेपालका लागि संयुक्त राज्य अमेरिकाका राजदूत महामहिम Mr. Dean R. Thompson ले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नु भयो।

सो अवसरमा माननीय मन्त्रीज्यूले नेपाली वस्तुको दोस्रो ठूलो निर्यात गन्तव्य संयुक्त राज्य अमेरिका रहेको विषयलाई औंल्याउँदै नेपाल व्यापार प्राथमिकता कार्यक्रम (Nepal Trade Preference Program-NTPP) मार्फत ७७ वस्तुको लागि शुन्य भन्सार सुविधाको भए तापनि ती वस्तुको निर्यात अपेक्षित रूपमा बढ्न नसकेको विषयमा चासो व्यक्त गर्नु भयो। अमेरिकी सरकारको नयाँ भन्सार महसूल नीतिबाट नेपाली निर्यात थप प्रभावित हुने सन्दर्भमा नेपालका घरेलु, साना तथा मझौला उद्योगका लागि अमेरिकाको सहुलियतपूर्ण बजार पहुँच संवेदनशील रहेको विषयलाई महत्व दिने अपेक्षा माननीय मन्त्रीज्यूले व्यक्त गर्नु भयो। सन् २०२६ मा हुने अति कम विकसित मुलुकबाट नेपालको स्तरोन्नति र नेपालको उत्पादन क्षमता तथा व्यापार लागत सम्बन्धी चुनौतीलाई मध्यनजर गर्दै नेपाल व्यापार प्राथमिकता कार्यक्रमको निरन्तरता र तयारी पोशाक, जुत्ता, पश्मिना, फेल्ट लगायतका थप ३१ वस्तुलाई सुविधा प्रदान गर्ने गरी विस्तारका लागि अनुरोध गर्नु भयो। सो सम्बन्धमा महामहिम राजदूतले व्यापार तथा लगानी प्रवर्द्धनका सम्बन्धमा नेपालका चासोलाई केही अघिको वासिङ्गटन भ्रमणको क्रममा समेत सम्बन्धित निकायसँग छलफलमा राखेको उल्लेख गर्नु भयो। नेपाल-संयुक्त राज्य अमेरिका टिफा काउन्सिलका यस अघिका बैठकका सहमति कार्यान्वयन गर्दै जानुपर्ने विषयमा जोड दिँदै नेपाल व्यापार प्राथमिकता कार्यक्रमको निरन्तरता अमेरिकी संसदले निर्णय गर्ने विषय भएकोले नेपालले कूटनीतिक पहल बढाउनुपर्ने आवश्यकता औंल्याउनु भयो।

पछिल्ला वर्षमा नेपालको लगानी वातावरणमा सुधार ल्याउन भएका प्रयासबारे उल्लेख गर्दै विद्यमान् अमेरिकी लगानी थप विस्तार र विविधीकरण हुने माननीय मन्त्रीज्यूले विश्वास व्यक्त गर्नु भयो। नेपालको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अमेरिकाको पेटेन्ट तथा ट्रेडमार्क कार्यालय (USPTO) बीच सन् २०२४ मा हस्ताक्षर भएको समझदारी पत्रको कार्यान्वयनबाट बौद्धिक सम्पत्तिका क्षेत्रमा द्विपक्षीय सहकार्य प्रवर्द्धन हुने अपेक्षा राख्दै नेपालले अन्तर्राष्ट्रिय सम्झौता र प्रावधान बमोजिम हुने गरी बौद्धिक सम्पत्ति सम्बन्धी नयाँ कानुन तर्जुमाको क्रममा रहेको जानकारी समेत गराउनु भयो। सो सम्बन्धमा अमेरिकी राजदूतज्यूले नेपालमा अनुमानयोग्य र सुधारिएको लगानी वातावरण कायम हुँदा अमेरिकी लगानीकर्ता लगानी वृद्धिमा ईच्छुक रहेको उल्लेख गर्दै बौद्धिक सम्पत्तिको क्षेत्रमा सहकार्य र सहयोगको लागि अमेरिका तयार रहेको जानकारी गराउनु भयो।

भेटघाटको क्रममा उठान भएका विषयलाई वासिङ्गटनसम्म पुर्‍याउने कार्यको निरन्तरता रहने प्रतिवद्धता अमेरिकी राजदूतज्यूले व्यक्त गर्नु भयो। दुई मुलुकबीच व्यापार तथा लगानी प्रवर्द्धन सम्बन्धी विषयमा मन्त्रालय र दूतावासबीच निरन्तर छलफल र सम्पर्क कायम रहने सम्बन्धमा माननीय मन्त्रीज्यू र महामहिम राजदूतले साझा धारणा व्यक्त गर्नु भयो।

मितिः २०८२ भाद्र ११ गते बुधबार।

(जितेन्द्र बस्नेत)
सहसचिव/प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np